प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

**डिप्लोमा तथा प्रमाणपत्र तहको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना**

(मिति २०७७।०७।२४ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, सामान्य आयुर्वेद चिकित्सा, अकुपन्चर, डेण्टल साइन्स (डेण्टल हाइजिन), अप्थाल्मिक साइन्स, कृषि, डिप्लोमा इन फार्मेसी, फिजीयोथेरापी, फरेष्ट्री कार्यक्रमहरुको प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित तथा आंशिक परीक्षा निकट भविष्यमा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०७७ साल मंसिर १४ गते भित्र नियमित शुल्कमा र २०७७ साल मंसिर २१ गते भित्र विलम्व शुल्कमा तोकिएको हुंदा सम्बन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भराउन हुन यो सूचना प्रकाशित गरिएको छ । साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**शर्तहरु:**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टाँसिएको हुनुपर्नेछ ।

२. बार्षिक परीक्षा प्रणालीको हकमा नियमित तर्फ आंगिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी संचालित संस्थाहरुको हकमा प्रति विद्यार्थी रु.१,०००। र अन्य शिक्षण संस्थाको हकमा प्रति विद्यार्थी रु २,५००।- नियमित शुल्क र बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ । साथै नियमित शुल्कको समय भित्र Web based online system मा फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ ।

४. सम्बन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एव ंनयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फायल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

५. सम्बन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैक खातामा रकम जम्मा गरी बैक भौचर बुझाउनु पर्नेछ र मिति २०७७ मंसिर २३ गते भित्र नियमित तथा विलम्व परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

६. नियमित तर्फका जेहेन्दार तथा वर्गिकृत छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७१/७२ (ई. सं. २०१४) देखि भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउँनेछन् ।

८. बार्षिक परीक्षा प्रणालीका नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिबर्तन हुने छैन ।

९. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

१०. नियमित तर्फ बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत अनुसार फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

११. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई.सं. २०१६) देखि भर्ना भई रजिष्ट्रेशन भएका बार्षिक परीक्षा प्रणालीका संम्पूर्ण कार्यक्रमहरुको २०७४ देखि Online आवेदन फारामहरु Web based online system मा Entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

१२. आंशिक तर्फ शैक्षिक शत्र २०७१/७२ देखि २०७२/७३ (ई.सं. २०१४ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका बार्षिक परीक्षा प्रणालीका परीक्षा आवेदन फारामसाथ www.ctevt.org.np मा उपलब्ध समष्टीगत फारामको Soft Copy मा समष्टीगत तयार गरी समष्टीगत फारामको प्रमाणित प्रति र आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत Excel Sheet मा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

१३. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण (NQ) परीक्षार्थीहरुले अनुतिर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वत : रद्द हुने छ ।

१४ अन्य शिक्षण संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गरी स्थानान्तरण पत्र संलग्न गर्नुपर्नेछ ।

१५. नियमित तर्फ बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्को Website www.ctevt.org.np_मा उपलब्ध हुनेछ र परीक्षा आबेदन फाराम तथा प्रबेश पत्र सेतो A4 कागजमा प्रिन्ट गरी पेश गर्नु पर्नेछ ।

१६. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) मा भर्ना भई रजिष्ट्रेशन भएका बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्को_Website www.ctevt.org.np_मा उपलब्ध हुनेछ । परीक्षा आवेदन फाराम तथा प्रवेशपत्र पंहेलो रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनु पर्नेछ ।

१७. आंशिक तर्फ शैक्षिक शत्र २०७१/७२ देखि २०७२/७३ (ई.सं. २०१४ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्का प्रदेश कार्यालयहरुबाट उपलब्ध हुनेछ । आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

१८. शुल्क बापतको रकम दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिबरण यस प्रकार रहेको छ ।

(क) प्रा. शि. व्या. ता. परिषद्, १ नं. प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा. बा. बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१०००१२७८००१,

(ख) प्रा. शि. व्या. ता. परिषद्, २ नं. प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा. बा. बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०००२६३९०१,

(ग) प्रा. शि. व्या. ता. परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा. बा. बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,

(घ) प्रा. शि. व्या. ता. परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा. बा. बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१००००००२३४००१,

(ङ) प्रा. शि. व्या. ता. परिषद्, लुम्बिनि प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा. बा. बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१००००००३६१००१,

(च) प्रा. शि. व्या. ता. परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा. बा. बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,

(छ) प्रा. शि. व्या. ता. परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा. बा. बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ मा शुल्क जम्मा गरेको सकल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

१९. आंशिक तर्फ शैक्षिक शत्र २०७१/७२ देखि २०७२/७३ (ई. सं. २०१४ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा Symbol No. राख्दा Program Code + Institute Code + 101 बाट प्रथम बर्ष त्यस्तै दोश्रो बर्षको लागि Program Code + Institute Code + 201 देखि र तेश्रो बर्षको लागि Program Code + Institute Code + 301 बाट राख्नुपर्नेछ तथा आवेदन फाराममा Symbol No. राख्दा Numbering Machine मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्नेछ ।

**नोटः**

१. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७७।०८।१४ गते भित्र नियमित शुल्कको तथा मिति २०७७।०८।२१ गते भित्रमा बिलम्ब शुल्कको राती १२:०० बजे भित्रमा Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।

२. सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्क्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य सम्पन्न नभएको भए बैकल्पिक बिधि वा भौतिक रुपमा उपस्थित गराई नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै प्रशिक्षण कार्य सम्पन्न गर्नु पर्नेछ ।

३. परिषद्, प्रदेश कार्यालयहरुलाई प्रशिक्षणको अवस्थाको अनुगमन गरी पाठ्यक्रम अनुसारको प्रशिक्षण कार्य सम्पन्न भए नभएको एकिन गरी बार्षिक परीक्षा प्रणाली अन्तर्गतका कार्यक्रमहरुको परीक्षा संचालन गर्नको लागि समयावधि तोकी सिफारिस गर्ने ।

४. परिषद्, प्रदेश कार्यालयको सिफारिसको आधारमा परीक्षाको कार्यतालिका प्रकाशन गरी परीक्षा संचालन गरिनेछ ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा उपलब्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**